कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADHI, SINDHULI

बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

## प्राङ्गारिक खेती तथा प्राङ्गारिक मल उत्पादन सहयोग र प्राङ्गारिक मल उत्पादन तालिम कार्यक्रमका लागि निवेदन माग सूचना।

(पहिलो पटक सूचना प्रकाशित मितिः २०८२/०८/११)

यस कमलामाई नगरपालिकाको आ.ब. २०८२/८३ को बार्षिक स्वीकृत प्राङ्गारिक खेति तथा प्राङ्गारिक मल उत्पादन सहयोग र प्राङ्गारिक मल उत्पादन तालिम अन्तर्गत इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८२/०९/०२ गते।) सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित सम्बन्धित वडाको कृषि प्राविधिक मार्फत वा स्वंयम् यस कार्यालयमा उपस्थित भई निवेदन पेश गर्नुहुन आव्हान गरिन्छ। अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यस दिन पछिको कार्यालय खुल्ने दिनमा कार्यालय समय भित्र निवेदन पेश गरिसक्नु पर्नेछ। रित नपुगको वा म्याद नाधी हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

आवश्यक कागजात/शर्तहरु

१) तालिममा सहभागि हुन पाउँ भन्ने निवेदन। (प्रस्तावना पत्र सम्वन्धित वडा कार्यालय वा कृषि विकाश शाखा बाट लिन सकिने)

२) सम्वन्धित वडा कार्यालयको सिफारिस।

३) निबेदकको नागरिकता प्रमाणपत्र छायाँकपि।

४) कृषक समूह र कृषि सहकारीको हकमा तालिम लिन इच्छुक कृषकको नामावली समेत उल्लेख गरी सम्बन्धित व्यक्तिहरुको जिम्मेवारी तोकिएको निर्णयको छायाँकपी।

५) यस अधि उल्लेखित विषय सँग सम्वन्धित तालिम लिएको भए उक्त तालिमको प्रमाणपत्रको छायाँकपि।

थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी, फेसबुक पेज, फोन नं. ०४७-५२१२३४ तथा कार्यालयको वेवसाईट https://kamalamaimun.gov.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

**नोटः तालिम संचालन कार्यतालिका लाभग्राहीको छनोट पश्चात प्रकाशन गरिने छ।**

**बोधार्थ,**

श्री वडा कार्यालय सबै - सूचना पाटीमा सूचना टाँस गरिदिनु हुन तथा आवश्यक समन्वय गरिदिनु हुन।

श्री सूचना प्रविधि शाखा - यस नगरपालिकाको आधिकारिक फेसबुक पेज र वेवसाइटमा सूचना राखि तथा सबै वडा कार्यालयलाई ईमेल समेत गर्नु हुन।

विनोद भट्टराई
प्रमुख प्रशासकिय अधिकृत